# आ व ०८१।०८२ को वार्षिक प्रगति
# संक्षिप्त प्रतिवेदन
# नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
# लुम्बिनी प्रदेश


**मिति:२०८२/०७/२१**

**स्थान:  बर्दघाट, नवलपरासी**

# बर्दघाट नगरपालिकाको परिचय

संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना र  राज्यको पुर्नसंरचना पश्चात साविकका पञ्चनगर, माकर, दाउन्नेदेवी र जहदा गा.वि.स साथै धुरकोट, जमुनिया एवं रुपौलिया गा.वि.स का दुई दुई वटा वडाहरुलाई एकीकृत गरी स्थानीय सरकारको रुपमा नेपाल सरकारबाट मिति २०७३।११।२८ गतेका दिन यस बर्दघाट नगरपालिकाको स्थापना गरिएको थियो। लुम्बिनी प्रदेश को नवलपरासी जिल्ला (बर्दघाट सुस्ता–पश्चिम) अन्तरगत पर्ने यस नगरपालिकाको क्षेत्रफल १८०.९८ वर्ग कि.मी. रहेको छ । वि.सं. २०७८ को जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार ७६,७०३ जनसंख्या भएको यस नगरपालिकामा १६  वटा वडाहरु रहेका छन् ।

# बर्दघाट नगरपालिका




| बर्दघाट नगरपालिका | |
|---|---|
| जम्मा वडा | १६ |
| क्षेत्रफ़ल (वर्ग कि.मि.) | १८०.९८ |
| कुल जनसंख्या (२०७८) | ७६,७०३ |
| जनघनत्व | ४७३ |

| स्वास्थ्य संस्था | |
|---|---|
| खोप किल्निकहरू | २२ |
| गाउँघर किल्निकहरू | १६ |
| सामुदायिक स्वा. ई. | १ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र | १० |

| विद्यालय | १६ |
|---|---|
| सामुदायिक विद्यालय | ३७ |
| संस्थागत विद्यालय | २१ |
| कुल विद्यार्थी सङ्ख्या | २०,२४९ |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १ | जनशक्ति व्यवस्थापन | क. जम्मा स्वीकृत दरवन्दी:१२० पदपूर्तिः ९५ रिक्तः २५<br>ख. हाल कार्यरत कर्मचारी: २३८ स्थायी: ९५ करार र ज्यालादारी: १२१ र २२ समेत जम्मा १४३ जना<br>ख. कर्मचारी समायोजन पश्चात O & M सर्वेक्षण गरी प्रतिवेदन स्वीकृत नभएको । |
| २ | प्रशासकीय भवन र पहुँच | क. प्रमुख प्रशासकीय भवनः बनेको ।<br>ख. आफ्नै वडा कार्यालयः भएको वडा संख्या १५ नभएको वडा संख्या १<br>ग. वडा केन्द्रसम्म सडक पुगेको वडाको संख्या १४ नपुगेको वडा संख्या २ |
| ३ | कानून निर्माणको अवस्था | क. ऐनको संख्याः ३७ ख. नियमावलीको संख्याः ४<br>ग. कार्यविधि/मापदण्ड/निर्देशिकाको संख्याः ६४ |
| ४ | विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था | क. आवधिक योजनाः बनेको (बनेको भए: दोश्रो)<br>ख. वार्षिक बजेटसँगै तोकिएको ढाँचा अनुरुप मध्यमकालिन खर्च संरचनाः बनेको<br>ग. स्थानीय तहको वस्तुस्थिति विवरणः नबनेको<br>घ. भू-उपयोग योजनाः नवनेको ।<br>ङ. स्थानीय भवन निर्माण मापदण्डः बनेको।<br>च. राजस्व सुधार कार्ययोजनाः बनेको।<br>छ. आन्तरिक नियन्त्रण प्रणाली: बनेको । |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| ५ | स्थानीय तहको मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको प्रयोग | क. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्राप्ताङ्क ७९.५ (गुणस्तर परीक्षण पश्चात)<br>ख. स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनको प्राप्ताङ्क ८२<br>ग. मन्त्रालयले तयार गरेको स्थानीय तहको प्रगति अनुगमन प्रणालीमा विवरण प्रविष्टीः भएको |
| ७ | न्यायिक समिति सम्वन्धी | क. दर्ता भएका उजुरी/गुनासो संख्याः १३२<br>ख. कारवाही वा फछ्यौंट भएका उजुरी संख्याः ६२<br>ग. कारवाही वा फछ्यौंट भएका मध्ये पुनरावेदनमा गएका संख्याः १३<br>घ गत आ व मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरी संख्या ७ |
| ८ | वेरुजु सम्वन्धी | क. आ.व. २०८१/८२ सम्मको कायम कुल वेरुजु रकम (रु. हजारमा) . १७७३८७<br>ख. आ.व. २०८१/८२ मा फछ्यौंट भएको वेरुजु रकम (रु. हजारमा) १४२५९ . (फछ्यौंट प्रतिशतः ८.०३)<br>ग. आ.व. २०८२/८३ मा फछ्यौंट गर्नुपर्ने कुल वेरुजु रकम (रु. हजारमा) १६३१२८ |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन | क. दमकल सेवाको उपलब्धताः आफ्नै<br>ख. फोहोर प्रशोधन केन्द्रः भएको<br>ग. स्यानीटरी ल्याण्डफिल साईटः नभएको |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १० | सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता | क. अनलाईन मार्फत प्रदान गरिएको सेवाको संख्याः १५ (डिजीटल गभर्नेन्स फ्रेमवर्कले तोकेका मध्ये)<br>ख. नागरिक वडापत्रः भएको<br>ग. सूचना अधिकारीः तोकेको<br>घ. गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणको लागि कानूनी व्यवस्थाः भएको<br>ङ. हेलो सरकार मार्फत कार्यालयमा प्राप्त उजुरी/गुनासो संख्या ४ फछर्यौट संख्याः ४ |
| ११ | अभियानमूलक कार्यक्रम | क. वालमैत्री स्थानीय तह घोषणा भएको वडाको संख्याः१६ मध्ये ३ (सवै वडा घोषणा भएको भए सो उल्लेख गर्ने)<br>ख. पोषणमैत्री स्थानीय तह घोषणा भएको वडाको संख्याः ०<br>ग. बालश्रम मुक्त स्थानीय तह घोषणा भएको वडाको संख्याः ० |

# आर्थिक वर्ष (२०८१/८२) को खुद आम्दानी र खर्चको विवरण

| स्रोतको किसिम | | बजेट | खुद प्राप्त भएको | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | सङ्घ | १६९७०० | १५५७१६ | १४९९५८ | ९६.३ |
| | प्रदेश | १२०२० | १२०२० | १०२५० | ८५.२७ |
| सशर्त अनुदान | सङ्घ चालु | ३०७३२३ | २८४४४७ | २८४४४७ | १००. |
| | सङ्घ पूँजिगत | २०४०० | १३१६२ | १३१६२ | १००. |
| | प्रदेश चालु | ० | ० | ० | 0 |
| | प्रदेश पूँजिगत | १०५०० | ७७९५ | ७७९५ | १०० |
| समपुरक अनुदान | सङ्घ | १३५०० | ११९२३ | ११९२३ | १०० |
| | प्रदेश | १०५०० | ७२७० | ७२७० | १०० |
| विशेष अनुदान | सङ्घ | ० | ० | ० | ० |
| | प्रदेश | १५०० | १५०० | १५०० | १०० |

# आर्थिक वर्ष (२०८१/८२) को खुद आम्दानी र खर्चको विवरण

| स्रोतको किसिम | | बजेट | खुद प्राप्त भएको | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| राजश्व बाँटफाटबाट प्राप्त | | २१७२८७ | १८३९२६ | १७६२८४ | ९५.८४ |
| रोयल्टी | | ५००० | २७६३ | २७६३ | १०० |
| आन्तरिक स्रोत (स्थानीय तहको राजस्व अधिकार भित्रको मात्र) | | ८०००० | ८१२६८ | ४९४४५ | ६०.८४ |
| ऋण | | ० | ० | ० | ० |
| अन्य (अ.ल्या. भए खुलाउने ) | | १०५०३६ | १०५०३६ | ० | ० |
| जम्मा | | ९४२४८० | ८८४१०९ | ८२३३११ | . |

# आर्थिक वर्ष २०८१/८२ को मुख्य उपलब्धीहरु

| सि. नं. | सूचक | वेसलाईन (आ.व. २०८०/८१ सम्मको अवस्था) | आ.व. २०८१/८२ को प्रगति | आ.व. २०८१/८२ को सम्मको अवस्था |
|---|---|---|---|---|
| १ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (कालोपत्रे) कि.मी. | १७४.४३ | ४.०३ | १७८.४६ |
| २ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (खण्डास्मित) कि.मी. | २१६.५८ | ३२.०२ | २४८.६० |
| ३ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (धुले) कि.मी. | १८४.७६ | ३.७१ | १८८.४७ |
| ४ | स्थानीय सडक पुल तथा कल्भर्ट निर्माण तथा मर्मत (संख्या) | १९ | १५ | ३४ |
| ५ | झोलुङ्गे पुल निर्माण (सं | ११ | १ | १२ |
| ६ | सिंचाई कुलो निर्माण (कि.मी.) | २१.८६ | ४.९७ | २६.८३ |
| ७ | सिंचाई सुविधा पुगेको जमिनको क्षेत्रफल (हेक्टर) | १७३२ | २९८ | २०३० |
| ८ | स्थानीय तहमा व्यावसाय दर्ता/सूचीकृत भएका व्यावसायहरुको संख्या | १७५४ | २५५ | २००९ |
| ९ | सामुदायिक विद्यालयको (माथिल्लो तहमा भर्ना हुन योग्य हुनेगरी) SEE उत्तिर्ण दर | | ५०.९६ | ५०.९६ |
| १० | आधारभूत तहको खानेपानी पुगेको घरधुरी प्रतिशत | ७१ | ३ | ७४ |
| ११ | आधारभूत तहको सरसफाई पुगेको घरधुरी प्रतिशत | १०० | | |
| | सडक तथा विभिन्न स्थानमा सिसिटीभि जडान | | | |

# विषयक्षेत्रगत विनियोजन र खर्चको अवस्था

रकम रु. हजारमा

| सिनं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | | खर्च रकम | | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | **चालु** | **पुँजिगत** | **चालु** | **पुजिगत** | **चालु** | **पुजिगत** | |
| १ | आर्थिक विकास | १०२६२ | ४६५९३ | ८३७६ | ३९८७७ | ८१.६२ | ८५.५८ | |
| २ | सामाजिक विकास | ४१३८५४ | ४५५२५ | ३७७९५३ | ३१९१२ | ९१.३२ | ७०.०९ | |
| ३ | पूर्वाधार विकास | १०० | २४५०५२ | १०० | १९९२९३ | १०० | ८१.३२ | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | १९९६० | १०७१० | १६६६९ | ८९१८ | ८३.५१ | ८३.२६ | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | १४४९१० | ७४२० | १३३१५३ | ७०५७ | ९१.८८ | ९५.१ | |
| | **जम्मा** | **५८९०८७** | **३५५३०१** | **५३६२५२** | **२८७०५९** | **९१.०३** | ८०.७९ | |

# आर्थिक वर्ष (२०८१/८२) को खुद आम्दानी र खर्चको विवरण

| स्रोतको किसिम | बजेट | खुद प्राप्त भएको | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| आन्तरिक राजश्व अल्या समेत | १७,५३,९६,०००.०० | १८,४१,५७,६४४.४९ | १०५ | आय |
| संघीय  सरकार | ५१,०९,२३,०००.०० | ४६,५२,५०,८३१.३६ | ९१.०६ | आय |
| प्रदेश  सरकार | ३,४५,२०,०००.०० | २,८५,८५,५००.०० | ८२.८१ | आय |
| राजश्व बाडफाँड | २२,००,५०,०००.०० | १८,३७,३६,८३१.७४ | ८३.५ | आय |
| जनसहभागिता | ३५,००,०००.०० | ३६,८६,५७३.०० | १०५.३३ | आय |
| जम्मा | [illegible] | [illegible] | [illegible] | [illegible] |

# आर्थिक वर्ष २०८१/८२ को वित्तिय तर्फमुख्य उपलब्धीहरु

| सूचक | वेसलाईन (आ.व. २०८०/८१ सम्मको अवस्था) | आ.व. २०८१/८२ को प्रगति | आ.व. २०८१/८२ को सम्मको अवस्था |
|---|---|---|---|
| पूजिगत खर्च प्रतिशत | 74.59 | 80.79 | बढोत्तरी |
| बाडफाँडबाट प्राप्त राजश्वको प्रतिशत | 67.48 | 83.5 | बढोत्तरी |
| नागरिकको लागत सहभागिता अशँ प्रतिशत | 93.48 | 105.33 | बढोत्तरी |

# स्वीकृत योजना तथा कार्यक्रमको विवरण

**बजेटको आधारमा:**

| क्र.सं. | विवरण | आ.व. २०८१/८२ को योजना संख्या |
|---|---|---|
| १. | ५० लाख भन्दा बढी बजेटको आयोजना | ४ |
| २. | २५+ देखि ५० लाखसम्मको आयोजना | १२ |
| ३. | ५+ देखि २५ लाखसम्मको योजना | ९५ |
| ४. | ५ लाखसम्म बजेटको आयोजना | ४९६ |
| | **जम्मा** | ६०७ |

**कार्यान्वयन तह/क्षेत्रको आधारमा:**

| क्र.सं. | विवरण | आ.व. २०८१/८२ को योजना संख्या |
|---|---|---|
| १. | नगरपालिका स्तरीय | ८५ |
| २. | वडास्तरीय | ५२२ |
| | **जम्मा** | **६०७** |

**योजना तथा कार्यक्रम कार्यान्वयन विधि:**

| क्र.सं. | विवरण | आ.व. २०८१/८२ को योजना संख्या |
|---|---|---|
| १. | उपभोक्ता समिति मार्फत | ५०४ |
| २. | निर्माण व्यवसायी मार्फत | ४३ |
| ३. | संघ संस्था साझेदारी | ३२ |
| ४ | कोटेशन | २८ |
| | जम्मा | |

# नगरपालिकाको चालु, पूँजीगत बजेट र खर्च प्रगति

| शिर्षक | विनियोजन (रु) | खर्च (रु) | खर्च (%) |
|---|---|---|---|
| कुल बजेट | ९४,४३,८९,००० | ८२,३३,११,०००.६७ | ८७.१७ |
| चालू खर्च | ५८,९०,८७,००० | ५३,६२,५२००० | ९१.०२ |
| पूँजीगत खर्च | ३५,५३,०१,००० | २८,७०,५९,००० | ८०.७९ |

# आर्थिक वर्ष २०८१।८२ मा सम्पादित उल्लेखनिय कार्यहरु

- गत आ.व. मा ६ वटा समेत जम्मा ८ वटा स्वास्थ्य संस्थाले १८ वटा सूचकका कम्तिमा ९५ प्रतिशत प्रगति हासिल गरी पौषण मैत्री स्वास्थ्य संस्था घोषणा भएको ।
- चिसापानी अस्पताल, ४ वटा स्वास्थ्य चौकी, ११ वटा आधारभुत स्वास्थ्य केन्द्र र १ वटा सामुदायिक स्वास्थ्य इकाइले ४५ वटा सूचकहरु पुरा गरी किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गरिएको ।
- राष्ट्रिय गान र नगरगान संगै सेवा सुभारम्भ गर्ने प्रचलन ।
- नगरपालिका स्वास्थ्य संस्था वडा कार्यालय र विद्यालय समेतमा स्तनपान कक्षको व्यवस्था गरिएको ।
- LEOC को शुरुवात र DEOC संग निरन्तर समन्वय र दमकल एम्वुलेन्स तथा विपद्मा प्रयोग हुने सामाग्रीको उपलव्धता र नगर प्रहरी र समुदायका स्वयम् सेवकहरुलाई विपद पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी १८ दिने तालिम सञ्चालन ।
- महिला स्वयम सेविकाको सम्मानजनक विदाइमा २ लाख ५० हजार रुपैया र नगरपालिकाबाट प्रति महिना मासिक रु ३००० उपलब्ध गराउने गरेको ।
- २२५ वटा सामुदायिक कुकुरहरुलाई स्थायी बन्ध्याकरण र रेविज विरुद्दको खोप लगाईएको वेवारिसे छाडा गाई, गोरुले किसानको बाली नाली नोक्सान नगरोस तथा सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले १ जना हेरालुको व्यस्था गरिएको ।

# आर्थिक वर्ष २०८१।८२ मा सम्पादित उल्लेखनिय कार्यहरु

- कृषि सिँचाइको फाटक सिँचाइ डीप वोरिङ्ग र स्यालो ट्यूवेल मार्फत जम्मा २९८ हेक्टरमा गत आवमा सिँचाइ सुविधा विस्तार
- दुध विक्रि गरेवापत प्रतिलिटर रु १ अनुदान वितरण
- ३२ जना कृषकलाई १६ हप्ताको कृषक पाठसाला सञ्चालन मार्फत व्यावसायीक क्षमता अभिवृद्धि
- भूमिहिन दलित भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको सन्दर्भमा जग्गाधनी प्रमाणपत्र वितरण शुरु
- माटो प्रयोगशाला स्थापना गरिएको
- १ करोड ३९ लाख वेरुजु फस्यौंट
- पूंजिगत खर्च ८१ प्रतिशत वढी र राजश्व संकलन समेत लक्ष्य भन्दा वढी भएको र वडाको राजश्व संकलनको अवस्थाको प्रभावकारी अनुगमन
- दिगो तथा सम्मानित रोजगारीको लागि सिप परियोजना र लघु उद्यम विकास कार्यक्रम मार्फत रोजगारी श्रृजना र उद्यमशिलता विकास
- उपभोक्ता हित संरक्षण मञ्च मार्फत विद्यालय स्तरिय बाल क्लव तथा महिला आमा समूह लगायतका संस्थाहरु परिचालन गरी अनुगमन कार्य प्रभावकारी भएकोले प्रदेश स्तरबाट अनुगमन समितिको संयोजकलाई उत्कृष्ट अवार्ड प्राप्त
- मेरो विद्यालयको सुन्दरता र सरसफाइका लागि मेरो २ मिनेट अभियान मार्फत विद्यालयको कार्य वातावरणमा सुधार भएको

## आर्थिक वर्ष २०८१।८२ मा सम्पादित उल्लेखनिय कार्यहरु

- सबै घर धुरीमा बिजुलीको पँहुच पुगेको
- सबै वडामा योग शिविर सञ्चालन गरेको
- पूर्वाधार निर्माण गर्दा ३ प्रतिशत रकम कट्टा गरी वृक्षारोपण तथा हरियाली प्रवर्धन कोष स्थापना भएकोमा उक्त कोषमा हाल सम्म २९ लाख रकम जम्मा भएको ।
- निःशुल्क आँखा शिविर सञ्चालन १२६ जनाको सल्यक्रिया सम्पन्न
- कार्यपालिका बैठकको प्रत्यक्ष प्रशारण
- हेल्प डेस्कको व्यवस्था
- पालिका र सबै वडामा प्रशासनिक भवन निर्माण
- विद्यालय नर्स कार्यक्रम सञ्चालन
- सबै खानेपानी आयोजनाहरु पालिकामा दर्ता र नियमित समिक्षा
- उज्यालो नगर घोषणा अभियानको निरन्तरता स्वरुप करिब ४४० सडक बत्ती जडान
- सामुदायिक विद्यालयका विद्यार्थिहरुलाई नगर प्रमुख छात्रवृति कोष परिचालन मार्फत प्रति विद्यार्थी १० हजार देखि ६० हजार सम्म ३६ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण
- सामुदायिक विद्यालय र क्याम्पसका विद्यार्थिलाई १ लाख सम्मको दुर्घटना राहत कोष स्थापना
- सुत्केरी र जेष्ठ नागरिकलाई निशुल्क एम्बुलेन्स सेवा
- अति विपन्न, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगाएतका लक्षित वर्गलाई चिसापानी र सामुदायिक अस्पताल मार्फत ८० प्रतिशतसम्म छुट सहुलियत दरमा उपचार गर्ने गरेको ।

# आर्थिक वर्ष २०८१/०८२ मा सम्पादित उल्लेखनिय कार्यहरु

- नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत र वडा सचिव बीच कार्य सम्पादन सम्झौता भई सम्झौता अनुरुपको लक्ष हासिल भएको ।
- शिक्षा क्षेत्रमा प्रविधिमैत्री शिक्षण सिकाई अन्तर्गत १११ शिक्षकलाई ल्यापटप वितरण गरिएको जसबाट कक्षा ८ र १० को नतिजामा सुधार भै सिकाइ उपलव्धिमा उल्लेख्य सुधार भएको साथै यस शिर्षकमा चालु आ.व.मा करिब १ करोड ६४ लाख विनियोजन भएको
- मृगौला पिडित बचाउ महाअभियान सञ्चालन मार्फत जनस्तरबाट रु ४० लाख भन्दा माथी आर्थिक सहयोग संकलन भएको
- बर्दघाट प्रज्ञा प्रतिष्ठान मार्फत स्थानिय भाषा, संस्कृति, कला, साहित्य संरक्षण तथा प्रवर्धन सम्बन्धी विविध कृयाकलाप सञ्चालन
- नगर प्रमुख १२ अभियान कार्यक्रम मार्फत विविध क्रियाकलाप
- हरेक वडामा वडा कप सञ्चालन र सूर्यनगर गोल्ड कप प्रतियोगिता, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन
- सबै विद्यालयमा पुराना टिनको छाना मर्मत तथा फल्स सिलिङ्ग विस्तार गरिएको
- स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर स्थापना भएको साथै सुत्केरी र कुरावालाई समेत खान बस्न व्यवस्था गरिएको संरचना निर्माण
- किसान सूचिकरण गर्नुको साथै किसानलाई मल, बिउ, र विभिन्न प्रविधि उपकरण वितरण गरिएको
- १०० वटा पर्यटकीय गन्तव्य मध्येको कञ्चनगढी बुद्धमंगलताल, सिमसार, वनदेवी पर्यटन क्षेत्रको पूर्वाधार
- नगरपालिकाको कर्मचारी मार्फत सर्प उद्धार कार्य साञ्चालन गरी सर्पको संरक्षण र मानविय जिवनको समेत संरक्षण गर्ने गरिएको
- द्वन्दपिडित, शहिद परिवारलाई मासिक रु २००० प्रदान गर्ने गरिएको
- खाध्य तथा गुण नियन्त्रण विभाग समेतको समन्वयमा तरकारीको विसादी परिक्षण गरिएको

# स्थानीय तहले हाल सम्म सम्पादित कार्यबाट हासिल गरेको अनुकरणीय कुनै असल अभ्यासको विस्तृतिकरण

- विषयको शिर्षकः स्वरोजगारमूलक सिप तालिम
- पुर्व अभ्यास तथा अनुभवः **सिप तालिम मार्फत स्वरोजगारी सिर्जना तथा उद्यमशिलता विकास र आय आर्जन प्रवर्धन**
- असल अभ्यासले पारेको र पार्न सक्ने आर्थिक सामाजिक प्रभावः **सिप युक्त मानव संसाधन, रोजगारीमा पँहुच आर्थिक रुपमा सक्षम, शोशण रहित समाजको स्थापनामा सहयोग पुग्ने, सामाजिक न्याय र समावेसीकरणमा योगदान पुग्ने र जनताको संवृद्धि हासिल हुने ।**
- परिवर्तन गरिएको मुख्य पक्षहरु (Main Intervention for Change - के, किन, कसरी र नयाँ Intervention पछि लाभग्राहीले महसुस गरेको परिवर्तन तथा सामना गर्नु परेका चुनौती र समाधानको लागि अवलम्बन गरिएको विधिः
  - सामाजिक परिचालन अन्तर्गत वडा अभिमुखिकरण, समूह गठन, सहभागितात्मक ग्रामिण लेखाजोखा, घरधुरी सर्वेक्षण जस्ता विधि मार्फत सहभागी छनौट ।
  - १५ दिन देखी ७५ दिनसम्मको छोटो अवधिको लघु उद्यममा आधारित उद्यमशिलता र सिप तालिम तथा दिगो तथा सम्मानित रोजगारीको लागि सिप परियोजना मार्न्फत लामो अवधिको १० महिने सीप तालिमका लागि खुला रुपमा सहभागी छनौट गरिएको ।
  - सिकाई प्रक्रियामा दक्ष प्रशिक्षक र उत्प्रेरित प्रशिक्षार्थी ।
  - सिकाईको नयाँ शैली, व्यवहारिक ज्ञान र अनुशासन ।
  - सिकाई संगै प्रविधि हस्तान्तरण ।
  - सिप लिएकालाई वित्तिय साक्षरता र वित्तिय पहुँचको लागि अभिमुखिकरण ।
  - उत्पादित सामानको बजारीकरणका लागि सिकाई आदानप्रदान ।
  - लामो अवधिको १० महिने सिप तालिम प्राप्त व्यक्तिलाई ३ महिनाको कार्यगत अभ्यास र सिटिईभिटी बाट skill test certificate दिने व्यवस्था ।

# स्थानीय तहले हाल सम्म सम्पादित कार्यबाट हासिल गरेको अनुकरणीय कुनै असल अभ्यासको विस्तृतिकरण

- मुख्य सिकाई र अन्य स्थानिय तहका लागि सुझावः गत पाँच वर्षको अवधिमा लघुउद्यम मोडेलमा आधारित छोटो अवधिको सिप मुलक तालिम जम्मा ६७३ जनालाई दिईएकोमा ५१ जना पूर्ण स्वरोजगार भई घरमै बसेर मासिक रु ३०००० सम्म आम्दानी गरेको । बाँकी संख्या मध्ये केहीले स्वदेशमै आंशिक रोजगारीमा संलग्न रहेका र केही व्यक्तिहरु वैदेशिक रोजगारीमा रहेका । उक्त तालिम सम्पन्न गर्नको लागि करिब ७५ लाख लगानी भएको । इन्स्यौर परियोजना मार्फत सञ्चालन भएको १० महिने लामो अवधिको तालिम तर्फ प्लम्बिङ्ग २० जना, विल्डिङ्ग इलेक्ट्रिसियन २० जना, प्रोफेशनल कुक ६० जना, कम्प्यूटर हार्डवेयर २० जनालाई र वेल्डीङ्ग २० जना समेत जम्मा १४० जनालई उपलब्ध गराईएको ।
- १४० जनालाई करिब १ करोड लागनी भएको । ति व्यक्तिहरु पूर्ण सिपयूक्त र सिटीभिटी मार्फत skill test certificate प्राप्त र विभिन्न व्यवसायीक प्रतिष्ठानमा संलग्न रहन सक्ने वा आफ्ने उद्यम व्यवसाय सन्चालन गर्न सक्ने र वैदेशिक रोजगारीमा गएमा Dirty, Danger र Difficult प्रकृतिको काम गर्नु नपर्ने साथै उच्च तलव सुविधा प्राप्त गर्न सक्ने अवस्थामा रहेका ।
- भावी योजनाः लघु उद्यममा आधारित तालिम प्राप्त गरेका ६७३ जना मध्ये आय आर्जनमा संलग्न नभएकाको सूचना संकलन गरी गरी रिफ्रेसर तालिम, प्रविधि हस्तान्तरण, कर्जा सुविधा मार्फत आय आर्जनमा संलग्न गराउन प्रयास गर्ने र सम्मानित रोजगारीका लागि सिप परियोजना मार्फत १० महिने सिप तालिम लिएका १४० जना सबैलाई skill test certificate उपलव्ध गराउने र सम्बन्धित व्यवसायीक प्रतिष्ठान संग समन्वय गराइ आय आर्जनमा संलग्न गराउने वा व्यावसाय संचालनको लागि उत्प्रेरित गर्न सहुलियत दरमा कर्जा सुविधा प्रदान गर्ने । वैदेशिक रोजगारीमा जान चाहनेलाई समेत सरोकारवाला निकायहरु संगको समन्वयमा आवश्यक सहजिकरण गर्ने ।




वेल्डिङ्ग तालिम पश्चात स्वरोजगार बन्दै



वेल्डिङ्ग तालिम सञ्चालन





कुक तालिम सञ्चालन



वेल्डिङ्ग तालिम पश्चात रोजगारीमा संलग्न

# पटेरको म्याट तथा मुढा बनाउँदै
# वडा नं. ११





# व्यावसायिक सिलाईकटाई गर्दै वडा नं. १ की पवित्रा श्रीस



# व्यावसायिक ढाका बुनाई गर्दै वडा नं. १४ की मनमाया थापा



व्यावसायिक ढाका बुनाई गर्दै वडा नं. १४ की चमेली हरिजन




व्यावसायिक हाते
कढाई बुटिक गर्दै
वडा नं. ५ की
प्रशिक्षक निशा राना

# व्यावसायिक खेती गर्दै किसान वडा नं. ५

## अनुभूत गरेका प्रमुख समस्या

- स्वीकृत दरबन्दी अनुरुपका कर्मचारी समेत उपलव्ध नहुनु।
- योजना तर्जुमा प्रकृयामा स्थानीय टोल विकास संस्था लगायत सरोकारवालाको न्यून सहभागिता र प्राथमिकिकरण गर्न नसिकदा योजनाको सँख्या धैरे भएकोले बजेट छरिएको। ठोस नतिजा हासिल भए नभएको सन्दर्भमा असर प्रभाव तह सम्मको मूल्याँकन हुन नसकेको ।
- नदिजन्य पदार्थको चोरी नियन्त्रणमा सरोकारवालाहरुले सहयोग नगरेको।
- स्वीकृत बजेट समेत आर्थिक वर्षको बीचमा कटौती हुँदा योजना कार्यान्वयनमा समस्या रहेको
- समयमै ठेक्का लगाएका ठूला आयोजनाको कार्यान्वयनमा निर्माण सामाग्री अभावको कारण देखाई निर्माण व्यावसायीले पटक पटक म्याद थप मागेका र शसर्त अनुदानको कञ्चनगढी पर्यटकीय क्षेत्र पूर्वाधार संरचना निर्माण समेतका केही योजनाको श्रोत सुनिश्चितता ढीलो भएको कारण ११ वटा ठेक्का प्रकृयाबाट सञ्चालित योजनाको चालु आ व को लागि दायित्व सरेको अवस्था रहेको।
- उपभोक्ता समितिले जिम्मा लिएर निर्माण व्यावसायीलाई ठेक्का दिने प्रवृत्ति वढ्दै गएको ।
- लागत अनुमान तयार गर्दा र योजनाको डइङ्ग तथा डिजइन स्वीकृत गर्दा सरोकारवालाहरु संग प्रयाप्त छलफल नभएको कारण बजेट विनियोजन गर्दा नीतिगत तहबार्ट राखिएको सोच अनुसारको पूर्वाधार संरचना तयार नभएको

## अनुभूत गरेका प्रमुख समस्या

- आर्थिक वर्षको शुरुमै बजेट सुनिश्चित भएका ठूला आयोजनाको समेत दोश्रो चौमासिक अवधिसम्म सम्झौता हुन नसकेको कारण योजनाको कार्यान्वयन तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेको पाइएको
- कार्यालयको संगठनात्मक तथा व्यवस्थापन सर्भेक्षण गरी शाखा पुर्संरचनासंगै सबै शाखामा स्थायी दरबन्दी स्वीकृत नभएकोले आधारभूत स्वास्थ्य संस्था लगायत केही अन्य शाखामा कार्यरत करार सेवामा कार्यरत कर्मचारीहरुको तलव समेत वेरुजु देखिएको ।
- टोल विकास संस्थाहरुलाई सकृय बनाउन नसकिदा नगरपालिकाले सञ्चालन गरेका नगर प्रमुख १२ अभियान लगायतका विभिन्न राष्ट्रिय अभियान मूलक कार्यक्रमको प्रभावकारीतामा चुनौती रहेको ।
- विद्युत व्याकअप, सफ्टवयर स्लो हुने नचल्ने, फाइलको स्टोर तथा व्यवस्थापन,औषधी स्टोरमा समस्या र शाखा व्यवस्थापनमा समेत भवन र कोठाहरु प्रयाप्त नभएको ।
- वडा कार्यालयले विनियोजन गरेका बजेट मध्येबाट विभिन्न सामाग्रि खरिद गर्ने सन्दर्भमा सबै सामाग्रीहरुको स्पेशिफिकेशन स्पष्ट नहुँदा खरिद गर्न खोजिएको सामाग्री फरक पर्ने गरेको
- एउटै शिर्षकमा विनियोजित बजेट समेत विभिन्न समयमा निर्णय गरि टुक्राउदा खरिद कार्यमा वढी समय लाग्ने गरेको ।

# समस्या सामाधानको लागि भएका प्रयास

- प्राविधिक कर्मचारी करारमा भर्ना गरी काम सम्पन्न गरिएको साथै नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र सबै शाखा प्रमुख तथा वडा सचिवहरु संग कार्य सम्पादन सम्झौता भएको।
- सामुदायिक बनहरु संग समन्वय गरी नदिजन्य पदार्थको व्यवस्थापन गरिएको निर्माण व्यावसायीलाई निर्माण सामाग्री आपूर्तिको लागि सरोकारवाला संग समन्वय गरिएको साथै कार्य सम्पन्न गर्न वारम्बार ताकेता गरिएको।
- उपभोक्ताको सहजताको लागि आयोजना पुस्तिका वितरण र समितिलाई अभिमुखिकरण गरिएको
- लागत अनुमान तयार गर्दा मुख्य मुख्य आइटम र प्रमुख कामको विवरण नेपालीमा समेत लेख्ने गरिएको ।
- १० लाख माथीका सबै योजना र सबै आय ठेक्काहरु विद्युतिय बोलपत्र मार्फत ठेक्का प्रकृया सञ्चालन
- वडाको सेवा प्रवाह सहज बनाउन १ जना वडा सचिवलाई २ वडाको जिम्मेवारी र स्वास्थ्य संस्थाको कर्मचारीलाई समेत वडा सचिवको जिम्मेवारी प्रदान गरिएको साथै १ कर्मचारीलाई १ भन्दा वढी शाखाको थप जिम्मेवारी दिइएको ।
- ५ लाख भन्दा वढी लागतका योजनाको अनुगमन समितिको संयोजक समेतबाट स्थलगत लागतका योजनाको अनुगमन गर्न गरिएको सो भन्दा कम लागतको योजनाको अनुगमन गर्न जिम्मेवारी अनुगमन समितिका पदाधिकारी र वडा स्तरिय अनुगमन समितिबाट हुने गरेको ।
- बजेट निर्माणको चरणमा विनियोजन कुशलताले गर्दा भुक्तानी व्यवस्थापनमा समस्या नरहेको
- प्रकृया पुगेर आर्थिक प्रशासन शाखामा पुगेका फाइलको काम faceless service को मर्म बमेजिम भएको छ ।
- कार्यालय समयमा मात्र काम गरेर नसकिएको अवस्थामा विहान बेलुका र विदाको दिनमा समेत काम गर्ने गरिएको ।

# सुधार गर्नु पर्ने क्षेत्र

- सरोकारवालाहरुको सहभागितामा योजनाको छनौट तथा प्राथमिकिकरण गर्ने र प्रभाव असर तह सम्मको मूल्याँकन गरी नतिजा दिने प्रकृतिका योजना कार्यान्वयन गर्न उचीत हुने।
- स्थानीय बासीको सहयोग र समन्वयमा स्थानीय स्तरमा रहेका नदिजन्य पदार्थको व्यवस्थापन र उचीत उपयोग तर्फ जोड दिनु पर्ने।
- स्थानीय टोल विकास संस्था तथा सामुदायिक संस्थाहरुलाई परिचालन गर्ने ठोस रणनीति तयार गरी सो को कार्यान्वयन गर्नु पर्ने
- प्रशासनिक खर्च घटाइ पूँजिगत खर्चको प्रतिशत वृद्दि गर्न वडा समायोजनको लागि स्थानीय स्तरमा वहस थालनी गर्नु पर्ने।
- फिल्डमा काम गर्ने प्राविधिक कर्मचारीहरु सबैलाई सवारी साधन उपलब्ध हुनुपर्ने।
- नगरपालिकाबाट हुने योजना सम्झौता र खरिद तर्फको सिफारिस तथा समय समयमा नगरपालिकाबाट माग भएका विवरण र पत्रको जवाफ वडा स्तरबाट समयमै सम्पन्न गरिनुपर्ने र वडा स्तरबाट खोजिएका समस्याको सामाधान समेत विषयगत शाखाहरुबाट तत्काल गर्नु पर्ने ।
- विगत देखि भएका सभा र कार्यपालिका वैठकका निर्णयहरुको कार्यन्वयन पूर्ण रुपमा गर्न पहल गर्नु पर्ने।
- वडा सदस्यहरुको जिम्मेवारी वाँडफाँड र क्रियाशिलता अभिवृद्धि गर्नु पर्ने।
- हालैको जेन्जी आन्दोलनका मर्म र भावन अनुरुप सेवा प्रवाह र सुशासन प्रवर्द्धनमा जोड दिनुपर्ने र त्यस्तै प्रकृतिका आन्दोलनबाट भविश्यमा थप क्षति हुन नदिन सरोकारवालाहरु बीच समन्वय र सहकार्य जरुरी देखिएको।


कृषक पाठशाला सम्बन्धी
१६ हप्ते लहरे बाली (काक्रो खेती)
मितिः २०८१/११/२३ गते देखि
स्थानः बर्दघाट-१६
19 May 2025, 5:41 pm

कृषक पाठशाला





कृषक पाठशाला



हाते ट्र्याकटर हस्तान्तरण


बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल
आयोजना सूचना पाटी
सि.नं. : ६७५ (साना सिंचाई निर्माण, मर्मत तथा सिंचाई कुलो मर्मत कार्यक्रम)
योजनाको नाम : स्यालो ट्युबेल निर्माण (प्रकाश कृषक समुह)
ठेगाना : बर्दघाट नगरपालिका वडा नं. १५
गर्ने निकाय: नगर सभा र कार्यपालिकाको निर्णय
रकम (न.पा.तर्फबाट) रु. ७०,०००/-
समिति जनश्रमदानबाट रु. ३०,१३५/१७
लागत रकम रु. १,००,१३५/१७
मिति : २०८१/१२/०४ गते
सम्पन्न गर्ने मिति : २०८२/०१/३० गते
उपभोक्ता समितिको अध्यक्षको नाम: युवराज गुरौं

स्यालो ट्यूबेल






उपभोक्ता हित संरक्षण मञ्च लुम्बिनी प्रदेशबाट उपभोक्ता संरक्षक अवार्ड प्रदान




स्तनपान कक्ष






# पर्यटकीय स्थलः बुद्धमंगल ताल











# पर्यटकीय स्थलः कन्चनगाढी




पर्यटकीय स्थलः बनदेवी मन्दिर





# नवनिर्मित वडा कार्यालय







# सर्प उद्धार




क्लथ वैंक र स्थानीय आपत्कालीन कार्य संचालन केन्द्र नगर प्रहरी इकाई














# दमकल सेवा

# दमकल सेवा







# नागरिक सहायता कक्ष








नगरका सामुदायिक कुकुरहरुलाई
स्थायी बन्ध्याकरण र खोप






# स्थानीय स्तरमा सेवा प्रवाह र घाँस विकास कार्यक्रम

# राष्ट्रिय गान र नगरगानमा सहभागी हुँदै



धन्यवाद ।